2232/433

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**<u>आदेश</u>**

**मु.नं. २६१/०७३/७४**
**निर्णय नं. ४३३**

**जिल्ला रौतहट,** पचरुखी गा. बि. स.-८ हाल गौर न. पा.-४ निबासी शैलेन्द्र झा ........१ } पुनरावेदक

**<u>विरूद्ध</u>**

**कार्यालय प्रमुख,** उद्योग वाणिज्य संघ, रौतहट ........................................१ } विपक्षी
**सूचना अधिकारी,** उद्योग वाणिज्य संघ, रौतहट ........................................१

**विषय :- <u>माग बमोजिमको सूचना उपलब्ध गराउनू ।</u>**

जिल्ला रौतहट, पचरुखी गा. बि. स.-८ हाल गौर न. पा.-४ निबासी शैलेन्द्र झाले उद्योग वाणिज्य संघ, रौतहट समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०९।२० मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐंनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी उद्योग वाणिज्य संघ, रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**<u>तपसिल</u>**

१. उद्योग वाणिज्य संघ, रौतहटको आ. ब. ०६९।७०, ०७०।७१, ०७१।७२ र ०७२।७३ खर्चको शीर्षक र रकमको बिवरण ।
२. उद्योग वाणिज्य संघ, रौतहटको विधानको प्रमाणित प्रतिलिपि ।
३. उद्योग वाणिज्य संघ, रौतहटका अध्यक्षले संचालन गरेको फर्मको बिवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७३ साल माघ ०१ गते रोज १ शुभम् ।